# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०१।११ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

तत्कालीन महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा गैरकानूनी तवरले लिज तथा बिक्री गरी सरकारी सार्वजनिक सम्पत्तिको हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन महेन्द्रनगर नगर विकास समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुले नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा समितिमा कार्यरत कर्मचारीहरुलाई मिति २०४९।०४।१२ मा नगर विकास समितिका तत्कालीन अध्यक्ष एवं कञ्चनपुर जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको नगर विकास समितिको बैठकको निर्णयलाई तोडमरोड र अपव्याख्या गरी मिति २०६९।०५।०६ मा समितिका तत्कालीन अध्यक्ष पल्टु रानाबाट टिप्पणी सदर गरी गराई समितिमा कार्यरत पुष्पराज भट्टसमेतका कर्मचारीहरुलाई गैरकानुनी रुपमा जग्गाको हक हस्तान्तरण गरेको देखिएकाले सो कार्यमा संलग्न निम्नबमोजिमका तत्कालीन महेन्द्रनगर नगर विकास समितिका अध्यक्ष, समितिमा कार्यरत कर्मचारीहरु र सो जग्गा दर्ता स्रेस्ता कायम गर्ने कार्यमा संलग्न मालपोत कार्यालय, कन्चनपुर तथा नापी कार्यालय, कन्चनपुरका कर्मचारीहरुको हकमा देहायबमोजिमको कसुरमा देहायबमोजिमको सजाय मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय:**

| सि. नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन अध्यक्ष पल्टु राना | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु.१,९३,११,४००। | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूर भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको दफा २४ ले परिभाषित गरेबमोजिम सोही दफा २४ बमोजिम थप सजायसमेतको मागदाबी लिने साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम निजबाट बिगोसमेत असुल उपर गरी पाउन मागदावी लिइएको छ । |
| २. | तत्कालीन नायब सुब्बा पुष्पराज भट्ट, इन्जिनियर मोहन देव भट्ट र अमिन तुलादत्त जोशी | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | जनही रु. १,९३,११,४००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूर भएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी सोही ८(१) बमोजिम जनही बिगो रकम असुल उपर गर्न मागदावी लिने तथा प्रतिवादी इन्जिनियर मोहन देव भट्टको हकमा गैरकानुनी निर्णय प्रक्रियाबाट प्राप्त गरेको जग्गा हाल निजकै स्वामित्वमा रहेको देखिएकोले सो जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत समेत गरी नगर विकास समितिकै नाममा कायम गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | | | मागदावी लिइएको छ । |
| ३. | तत्कालीन लेखापाल हिरा सिंह विष्ट | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु. २०,३२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र बिगो ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर गरी हाल उक्त जग्गा निजकै स्वामित्वमा देखिएकोले सो जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम नगर विकास समितिकै नाममा कायम गर्ने मागदाबी लिइएको छ । |
| ४. | तत्कालीन खरिदार दान सिंह कार्की (मृत्यू भैसकेको) | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु.२२,४४,८००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम बिगो रकम असुल उपर गरिपाउने मागदावी लिनुपर्ने अवस्था रहेको भएतापनि निजको मृत्यु भएको देखिंदा अपराधीसँगै अपराध मर्दछ भन्ने फौज्दारी न्यायको सर्वमान्य सिद्धान्तको साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) सहितको कानुनी व्यवस्था बमोजिम निजलाई कैद र सजाय हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मृत्यु भएका व्यक्तिको हकमा समेत सरकारी वा निजि बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेको र निजको मृत्यु भैसकेको र निजको नाममा नगर विकास समितिबाट प्राप्त गरेको जग्गा बेचविखन भै सकेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम कैद तथा जरिवाना गर्न सकिने अवस्था नरहेकोले निजको हकमा प्रचलित कानुन बमोजिम निजको हक खाने अंशियारबाट बिगो ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर गर्ने प्रयोजनको लागि मात्र मागदाबी लिइएको छ । |
| ५. | तत्कालीन खरिदार लक्ष्मण दत्त जोशी | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु. २०,३२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र बिगो ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर गरी हाल जग्गा निजकै स्वामित्वमा देखिएकोले सो जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम नगर विकास |

| | | | | |
|---|---|---|---|---|
| | | | | समितिकै नाममा कायम गर्ने मागदाबी लिइएको छ । |
| ६. | तत्कालीन सुपरभाईजर गंगादत्त भट्ट | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु. २०,३२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र बिगो ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर गरी हाल जग्गा निजकै स्वामित्वमा देखिएकोले सो जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम नगर विकास समितिकै नाममा कायम गर्ने मागदाबी लिइएको छ । |
| ७. | तत्कालीन कार्यालय सहयोगी हर्क नारायण जोशी | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु.२२,४४,८००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र बिगो ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर गर्न मागदाबी लिइएको छ । |
| ८. | तत्कालीन कार्यालय सहयोगी श्रीक्रेशन बडायक | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु.२०,३२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र बिगो ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर गरी निजकै नाममा रहेको जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम नगर विकास समितिकै नाममा कायम गर्ने मागदाबी लिइएको छ । |
| ९. | तत्कालीन कार्यालय प्रमुख (मालपोत अधिकृत) विशन सिंह थापा | मालपोत कार्यालय, कञ्चनपुर | रु.१,९३,११,४००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूर भएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुलउपर गरी लिन मागदावी लिइएको छ । |
| १०. | तत्कालीन शाखा अधिकृत जय बहादुर विष्ट | मालपोत कार्यालय, कञ्चनपुर | रु.५४,८५,३००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) वमोजिमको कसूरको मतियार हुने कसूर गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिम ऐ. ऐनको दफा ८ को उपदफा (१) वमोजिम हुने सजायको आधा सजाय गरी बिगो ऐ. ऐनको दफा ८(१) र दफा २२ बमोजिम असुलउपर गर्न मागदाबी लिइएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ११. | तत्कालीन नायव सुब्बा नयन सिंह कुँवर | मालपोत कार्यालय, कञ्चनपुर | रु.८५,३३,३००।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) वमोजिमको कसूरको मतियार हुने कसूर गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिम ऐ. ऐनको दफा ८ को उपदफा (१) वमोजिम हुने सजायको आधा सजाय गरी बिगो ऐ. ऐनको दफा ८(१) र दफा २२ बमोजिम असुलउपर गर्न मागदाबी लिइएको छ । |
| १२. | तत्कालीन शाखा अधिकृत दिलाराज पन्त | मालपोत कार्यालय, कञ्चनपुर | रु. ४१,७०,४००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिम मतियारको कसुरमा ऐ. ऐनको दफा ८ को उपदफा (१) वमोजिम हुने सजायको आधा सजाय गरी बिगो ऐ. ऐनको दफा ८(१) र दफा २२ बमोजिम असुल उपर गर्न मागदाबी लिइएको छ । |
| १३. | तत्कालीन खरिदार नमराज भट्ट | मालपोत कार्यालय, कञ्चनपुर | रु. ११,२२,४००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिम मतियारको कसूरमा ऐ. ऐनको दफा ८ को उपदफा (१) वमोजिम हुने सजायको आधा सजाय गरी बिगो ऐ. ऐनको दफा ८(१) र दफा २२ बमोजिम असुल उपर गर्न मागदाबी मागदाबी लिइएको छ । |
| १४. | तत्कालीन नापी अधिकृत कार्यालय प्रमुख पुष्पराज जोशी | नापी कार्यालय कन्चनपुर | रु.८३,४०,८००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसूरमा सोही ऐनको दफा ८(१) वमोजिम सजाय हुन र बिगो ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर गर्न मागदाबी लिइएको छ । |
| १५. | हाल कायम हुन आएका जग्गाधनी मिना अधिकारी, धनादेवी विष्ट, देवकी कुमारी जोशी, खड्क बहादुर रावल, राम बहादुर सिंह ठकुरी, आशा खत्री, रिता खत्री, कलावती देवी जोशी, गणेश बहादुर ऐर | भिमदत्त न.पा. | - | भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कुनै कसूर गरेको नदेखिएतापनि नगर विकास समितिको स्वामित्वमा रहेको सरकारी प्रकृतिको जग्गा निज व्यक्तिका नाउँमा कायम रहेको देखिएको हुँदा ऐ. ऐनको दफा ४७ बमोजिम उक्त जग्गा निज व्यक्तिका नाउँबाट जफत गरी साबिकको महेन्द्रनगर नगर विकास समिति (हाल भीमदत्त नगर विकास समितिको नामबाट) मा कायम गराउन मागदावी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी